सुरूङ्गा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १ मितिः २०७८।०४।३२


# भाग-२

## सुरुङ्गा नगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र दिने सम्वन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५

(दोश्रो सशोधन सहित)


सुरूङ्गा नगरपालिका

मधुपट्टी, सप्तरी

प्रदेश नं २, नेपाल

# सुरुङ्गा नगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र दिने सम्वन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०६।०७
प्रथम संशोधन मितिः २०७६।११।२०
दोश्रो संशोधन मितिः २०७८।०४।३२

**प्रस्तावना :**

सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि निर्माण व्यवसायमा संलग्न 'घ' वर्गका कम्पनी वा फर्महरुको दर्ता गर्ने, इजाजत दिने र नविकरण गर्ने कार्यलाई ब्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड ६(१०) ले दिएको अधिकार प्रयोग गरी सुरुङ्गा नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "सुरुङ्गा नगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट संशोधन सहित स्वीकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "प्रमुख" भन्नाले सुरुङ्गा नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले यस कार्यविधिको नियम ४ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले सुरुङ्गा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुरुङ्गा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय सञ्चालन गर्ने उदेश्यले प्रचलित कानून बमोजिम दर्ता भएको 'घ' वर्गको निर्माण व्यवसायीलाई सम्झनुपर्छ । सो शब्दले नगर कार्यपालिकाबाट इजाजत प्राप्त निर्माण व्यवसायीलाई समेत जनाउँछ ।

(छ) "इजाजतपत्र" भन्नाले यस कार्यविधि बमोजिम इजाजत पाएको प्रमाणपत्रलाई सम्झनु पर्दछ र सो शब्दले यस कार्यविधि बमोजिम नविकरण गरी दिईएको प्रमाणपत्रलाई समेत जनाउँछ ।

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी वा नविकरण नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामवाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**४. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्थाः**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले निर्माण व्यवसाय इजाजतपत्रको लागि अनुसूची-१ बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएका दरखास्तहरुमा अनुसूची-५ बमोजिमको योग्यता भए नभएको कर्मचारी र मेशिनरी औजार उपकरण भए नभएको लगायतका विषयमा प्रमुख प्रशासकीय अधिकृतले देहाय वमोजिमको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत

संयोजक

(ख) प्राविधिक शाखा प्रमुख/इन्जिनियर

सदस्य

(ग) प्रशासन शाखा प्रमुख

सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिबाट जाँचबुझ भैसकेपछि इजाजत पत्र दिन उचित छ भनी समितिले निर्णय गरेपश्चात नगर प्रमुखको निर्णय वमोजिम अनुसूची -३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गरिनेछ ।

(४) उपनियम (३) बमोजिमको इजाजत पत्र दिंदा लाग्ने दस्तुर अनुसुची -२ बमोजिम हुनेछ ।

**५. इजाजतपत्रको अवधि र नविकरण :**

(१) नियम ४ को उपनियम (३) बमोजिम प्रदान गरिएको इजाजतपत्र यो कार्यविधिको दफा ६ वमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म मात्र मान्य हुनेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि सकिएको तीन महिनाभित्र निर्माण व्यवसायीले प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तिरी सो को प्रमाण स्वरुप सम्बन्धित कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित नगरपालिकाबाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी सो फर्म वा कम्पनीले अघिल्लो आर्थिक वर्षमा आफुले गरेका कार्यको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । सो वमोजिमको पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपनियम (२) बमोजिमको म्याद सकिएको छ महिनाभित्र सबै प्रकृया पुरा गरी निर्माण व्यवसाय इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची -२ बमोजिमको थप दस्तुर लिई आवश्यक जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नविकरण गरि दिन सक्नेछ ।

(४) उप नियम ३(२) मा जेसुकै लेखिएको भएता पनि नियमानुसार दर्ता भई ईजाजत पत्र लिएका निर्माण ब्यवशायको एक बर्ष भित्र नविकरण नभएको भएता पनि कार्यालयले उपयुक्त देखेमा एक पल्टका लागि रु देब्बर दस्तुर लिई नविकरण गर्ने सकिनेछ, साथै अनुसूची २ मा उल्लेख भएको ईजाजत तथा नविकरण दस्तुर मा निम्न अनुसार संशोधन गर्ने । *(दोश्रो संशोधनबाट थप गरिएको)*

**६. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसाय इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) तोकिए बमोजिमको मेशिनरी उपकरण, प्राविधिक कर्मचारी र आवश्यक साधन श्रोत नभएको वा झुठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने उद्देश्यले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकार वा अन्य संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको व्यहोरा सम्वन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको भनी सम्वन्धित निकायबाट लेखी आएमा,

(२) उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको अवस्थामा इजाजत पत्र खारेज गर्नु परेमा खारेजीको निर्णय गर्नु अघि प्रमुख प्रशासकीय अधिकृतले सो विषयमा छ्यानविन गर्नु गराउनु पर्नेछ । छ्यानविन पश्चात इजाजतपत्र खारेज गर्नु पर्ने वा नपर्ने सम्वन्धमा स्पष्ट राय सहितको प्रतिवेदन समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ । छ्यानविनको क्रममा सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टिकरण पेश गर्न मनासिव माफिकको मौका दिइनेछ ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनको सम्वन्धमा समितिले आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय उपर चित्त नबुझेको पक्षले निर्णय थाहा पाएको मितिले २१ दिनभित्र कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) नियम ५ को उपनियम (३) बमोजिमको म्यादभित्र पनि नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(५) उपनियम (१) वा (४) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगर कार्यपालिकाको कार्यालयले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति र कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

७. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था : कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराएको वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिन सकिनेछ ।

**८. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**९. बचाउ :** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका निर्माण व्यवसाय सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिएको इजाजतपत्र यसै कार्यविधि बमोजिम दिएको मानिनेछ ।

अनुसूची-१
(कार्यविधिको नियम ४ को उपनियम (१) सँग सम्वन्धित)
ईजाजत पत्रको लागि दिईने दरखास्त फाराम

**विषयः इजाजत पत्र पाउँ ।**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी ।

सार्वजनिक निर्माण कार्य गर्नको लागि सुरुङ्गा नगरपालिकाको 'घ' वर्गको व्यवसाय इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्न फर्म वा कम्पनीको :**

नाम :
ठेगाना :
टेलिफोन नं./ मोवाइल नं.
फ्याक्स नं. :
ईमेल :

**२. फर्म वा कम्पनीको प्रकृति :**

| | | | |
|---|---|---|---|
| | | | |
| प्राईभेट लिमिटेड कम्पनी | पब्लिक लिमिटेड कम्पनी | एकलौटी | साझेदारी |

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :
नाम थर :
ठेगाना :
टेलिफोन नं. :
फ्याक्स नं. :
ईमेल :

४. फर्म वा कम्पनीको विवरण :
दर्ता नं. :
दर्ता मिति :

अधिकृत पुँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजतपत्र लिन चाहेको वर्ग : 'घ' वर्ग

६. समूहिकरण हुन चाहेको समूह :

७. आर्थिक श्रोतको विवरण :

| विवरण | रकम | वित्तीय संस्था/ बैंकको |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्धती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

द्रष्टव्य : (१) प्राविधिक कर्मचारीको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा निजको नेपाल ईन्जिनियरिङ्ग काउन्सिलको सदस्यता प्रमाणपत्र पनि पेश गर्नु पर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेका निर्माण सम्वन्धी सवारी साधन तथा मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी तथा मेसिनरी औजारहरुको स्वामित्वको कागजातहरु (दर्ता प्रमाण पत्र) र उक्त मेशिनरी औजारहरु चालु

हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्धारा प्रमाणित गरिएको हुनुपर्नेछ ।

१०. यस अघि सम्पन्न गरेका कामको विवरण :

| सि.नं. | निर्माण सम्वन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

कर चुक्ता प्रमाण कागजात :

क.

ख.

ग.

यस दरखास्त फारममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला भनी सहिछाप गर्ने दरखास्तवालाको

दस्तखत :

मिति :

निर्माण व्यवसायीको छाप

द्रस्टव्य :

यस दरखास्त फारमसाथ फारममा उल्लेखित व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

## अनुसूची - २

(नियम ४ को उपनियम (४), नियम ५ को उपनियम (२) र (३) तथा नियम ७ सँग सम्बन्धित )

| क.सं | निर्माण व्यवशायी को वर्ग | ईजाजत पत्र दस्तुर | नविकरण दस्तुर | | | प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|---|
| | | | ३ महिना भित्र | ६ महिना भित्र | ६ महिना पछि १ बर्ष सम्म | |
| १ | घ | १०००० | २००० | ४००० | ८००० | १००० |

- *दोश्रो संशोधनद्धारा परिमार्जित*

अनुसूची -३

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

सुरुङ्गा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

मधुपट्टी, सप्तरी

**इजाजत पत्र**

इजाजत पत्र नं. मितिः ..................

सुरुङ्गा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ बमोजिम निर्माण व्यवसाय गर्न ..................................................................... स्थित कार्यालय भएको ............................................. फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेको

दस्तखत :

नाम :

पद :

मिति :

कार्यालय :

**घ**

नवीकरण :

| नविकरण गर्ने अधिकारीको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -४

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

# निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण

(पासबुक)

| क्र.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (प्रतिशत) | ठेक्काको विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण( यदि भएमा) | भेरिएशनको विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | (क) ठेक्का रकम | (क) नाम : | (क) थप समयः | भेरिएशन पछिको सम्झौता रकमः | सम्पन्न रकमः | अन्तिम ठेक्का रकमः | |
| | | | | | (ख) सम्झौता मिति : | (ख) पद : | (क) नामः | भेरिएशनको निर्णय गर्ने पदाधिकारीको नामः | सम्पन्न मितिः | सम्पन्न मितिः | |
| | | | | | (ग) ठेक्का अवधि : | (ग) हस्ताक्षरः | (ख) पदः | पदः | सम्पन्न प्रतिशतः | | |
| | | | | | | (घ) छाप | (ग) हस्ताक्षरः | हस्ताक्षरः | नामः | नामः | |
| | | | | | | | (घ) निर्णय मितिः | छाप | पदः | पदः | |
| | | | | | | | छाप | | हस्ता | हस्ताक्ष | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | क्षरः | र | |
| | | | | | | | | | छाप | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

# अनुसूची -५

## (नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक न्युनतम योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी, प्राइभेट फर्म वा साझेदारी फर्को रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पुँजी देखाई उद्योग कार्यालयमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण :

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक कर्मचारी,
- कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक कर्मचारी,
- वाणिज्यशास्त्र वा अर्थशास्त्र बिषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना एकाउन्टेन्ट,
- माथि उल्लेखित जनशक्तिलाई निर्माण व्यवसायीले पूर्ण रुपमा काम गर्न दिएको नियुक्ति पत्र ।

३. मेशीन र उपकरण :

(क) ट्रिपक वा ट्याक्टर एक थान

(ख) मिक्स्चर मेशिन एक थान

(ग) Level Machine एक सेट

(घ) वाटर पम्प दुई थान

(ङ) भाइब्रेटर दुई थान

(च) मोटर साईकल एक थान

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रको साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैंक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा एक वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. बिस वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि गर्न तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

५. माथि उल्लेखित उपकरणहरु यदि भाडमा ल्याईएको हो भने भाडामा कति समयका लागि ल्याइएको हो सो कुरा खुल्ने गरी गरिएको सम्झौता पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

आज्ञाले
गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत